प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

सम्पादक

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

सम्पादन सहयोगी

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

व्यवस्थापकहरु

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२५

बिक्रम सम्बत् २०८२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**11th JUN 2025**


| वर्ष- ४३ | अङ्क- २ | ज्या: पुन्हि | जेठ २०८२ |
|---|---|---|---|





**अत्तानं चे तथा कयिरा - यथञ्ञमनुसासति**

**सुदन्तो वत दम्मेथ - अत्ता हि किर दुद्दमो**

★ **मेपिन्त बियागु उपदेशयात न्हापां थम्हं निं पालन याय् फय् क्यमा: । छाय् धा:सा थ:त ज्ञानी याय्फुसा जक मेपिन्त नं ज्ञानी याय् फई । तर थ:त ज्ञानी याय्गु ज्या तसकं थाकु ।**

★ **अरूलाई ज्ञान दिई ज्ञानी बनाउन अगाडि आफू ज्ञानी (अनुशासित) बन्न जरूरी छ । आफूलाई ज्ञानी अनुशासति बनाउन सक्ने व्यक्तिले मात्र अरूलाई अनुशासनमा राख्न सक्षम हुनेछ । तर आत्मदमन गर्ने कार्य धेरै कठिन छ ।**

★ If a man makes himself as he teaches discipline others to be, then being himself well - subdued, he may subdue others, for one's ownself is difficult to subdue.

# ; fw'j fb /

**दिवंगत रत्नदेवी मानन्धर**

*बुन्हि: बि.सं. १९८७ आश्विन ४ गते, त्रयोदशी, शनिवार*
*मदुगु न्हि : बि.सं. २०६९ ज्येष्ठ २ गते,*
*दशमी, मङ्गलवार*

**दिवंगत देवनारायण मानन्धर**

*बुन्हि: १९८३ कार्तिक ३ गते, श्रीघः पुन्हि, मङ्गलवार*
*मदुगु न्हि : बि.सं. २०५६ श्रावण ३० गते,*
*चतुर्थी, आइतवार*

धर्मकीर्ति पत्रिका वर्ष ४३, अङ्क २ या रङ्गीन कभर पेज "देवरत्न स्मृतिकोष" पाखें धर्मदान यानादीगु खः । धर्मदान यानाः सञ्चित पुण्य शक्तिं दिवंगत जुयादीपिं उपासक देबनारायण मानन्धर व उपासिका रत्नदेवी मानन्धर सहित सकलें पितृजनपिनि सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना ।

अथेहे "देवरत्न स्मृतिकोष" दाता सपरिवारया आयु आरोग्य व निरोगी कामना यासे वय्कःपिसं नं बुद्ध शिक्षायात अभ्यास यायां थथःगु जीवन सफल याय् फय्मा धकाः कामना यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

# धर्मकीर्ति पत्रिका परिवार

## धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परियच | – | २ |
| ३) | सम्पादकीय- सुख र दुःखका कारण | – | ३ |
| ४) | भय र भयका कारणहरू | – प्रदिप शाक्य 'घोषक' | ४ |
| ५) | नेपालमा बुद्ध शिक्षा र धम्मवती गुरुमां | – कुसलञाणी गुरुमां | ७ |
| ६) | धर्मकीर्ति समाचार | – | ९ |
| ७) | समयलाई पर्खिरहेका हामी | – विद्याकुमारी बज्राचार्य | १४ |
| ८) | ध्यानय् छ्यलागु जीवन | – नातीकाजी महर्जन | १४ |
| ९) | वा चायुकि मनू | – बाबुकृष्ण डंगोल | २३ |


*आवरण चित्र परिचय*

# महासमय सूत्र देशना

✍ **कुसुम गुरुमां**

भगवान् बुद्धले जेठ पूर्णिमाको दिन कपिलवस्तु महावनमा १० हजार चक्रवालबाट एकत्रित भएका देव ब्रह्माहरूलाई देशना गर्नुभएको महासमय सूत्र देवताहरूलाई प्रिय सूत्र मानिन्छ ।

बुद्ध कालिन समयमा आफ्ना साखै नातादार पर्ने शाक्य र कोलिय दुई राज्यहरूको बीचबाट बगिरहेको रोहिणी नदीको पानी दुबै देशका जनताले सामूहिक रूपमा लगी सिँचाई गरी रोपाईं कार्य गर्दै आइरहेका थिए । एकपटक खडेरी लागी बालीनाली सुक्न थाल्यो । फलस्वरूप पानी यथेष्ठ पुगेन । नदीको पानी हानथाप हुनथाल्यो । हुँदाहुँदै किसानहरू (दुवै तर्फका) देखि शुरू भएको कलह विस्तारै राज्यसम्म पुग्यो । फलस्वरूप दुबै राज्यहरू बिच परस्पर एकले अर्कालाई जाति वंशमा चोट पुग्ने गरी गाली गलौज एवंम् लाञ्छना लगाउँदै वाक युद्ध चल्न थाल्यो । आरोप पत्यारोप लगाउँदै उक्त कलहले दुई राज्यबिच लडाईं नै लड्ने निष्कर्षमा पुगे । कपिलवस्तु र कोलिय दुवै तर्फबाट सेनाहरू शस्त्र बोकी युद्धका लागि तयार भएर निस्के ।

यस घटना घट्नु अगाडि शाक्यमुनी बुद्धले थाहा पाउनु भयो । उहाँ पात्र चीवर धारण गर्नुभई उक्त घटना स्थलमा पुग्नु भयो र बिचमा रहनुभई दुवै पक्षलाई प्रश्न गर्नुभयो –

भगवान् बुद्ध - पानीको मूल्य ठूलो छ कि रगतको मूल्य ठूलो छ ।

उत्तर - रगतको मूल्य ठूलो छ ।

भगवान् बुद्ध - पृथ्वीलाई अधिनमा राख्ने राजाहरूको रगतको मूल्य कति छ ?

उत्तर - वहुमुल्य ।

भगवान् बुद्ध - अल्प मूल्य पर्ने पानीको कारणले अनमोल रगतको मूल्य भएका राजाहरूलाई नाश गर्नु उचित छ ?

यसरी भगवान् बुद्धले प्रश्न गर्नुहुँदै पानीको मूल्य भन्दा रगतको मूल्य बढी भएको यथार्थतालाई महशूस गराउनु हुँदै कोलिय र शाक्यहरू बिचको वैमनश्यता हटाउनको लागि यस गाथा पनि भन्नुभयो ।

**सुसुखं वत जीवाम - वेरिनेसु अवेरिनो**
**वेरिनेसु मनुस्सेसु - विहराम अवेरिनो**

शत्रुहरू र वैरीहरूको माझ रहेर पनि शत्रु विहिन अवैरी भई बाँचिरहन पाउनु सुखद् हो । शत्रु र वैरी मनुष्यहरू माझ हामी अवैरी भएर विहार गरौं ।

उहाँले त्यस समय अन्य ५ वटा जातकहरू पनि देशना गर्नुभएको थियो ।

भगवान् बुद्धले लडाईं लड्न आएका आफन्तहरूलाई झगडाको अवगुण र मेलमिलापको गुण बढाउने प्रसंग अनुसार जातकहरूको देशना पछि यिनीहरूको मनमा धर्मसंवेग उत्पन्न गराउन "अत्तदण्ड सुत्त" पनि देशना गर्नुभयो । झगडालु र द्वेषी मानिसहरूको संसारमा कुनै सारत्व प्राप्त गर्न असमर्थ जन्म मरण चक्रमा नै घुमिरहने भएकोले द्वेषभाव त्यागी छिट्टै तृष्णालाई प्रहाण गरेर निर्वाण प्राप्त गर्ने मार्गको देशना गर्नुभयो । तथागत बुद्धको अमृतमय देशना सुनेर कोलिय र शाक्य राजाहरू बीच मनमा संवेग उत्पन्न भएर कलह विवादलाई त्यागेर बुद्धको शरणमा गई दुवै तर्फबाट ५०० जना व्यक्तिहरू प्रव्रजित भए ।

५०० जना प्रव्रजित भइसकेपछि ती नवक प्रव्रजितहरूको चित्त एकाग्र गर्न उनीहरूलाई आफ्नो ऋद्धिद्वारा कुणालदह लानुभयो र पछि कपिलवस्तु महावनमा नै फर्केर आउनुभयो । त्यसपछि भगवान् बुद्धले कर्मस्थान ध्यान, विपश्यना ध्यान सिकाउनुभयो । त्यसलाई महत्व दिई ध्यान वृद्धि गरेर उनीहरूले प्रतिसम्भिदा सहित अर्हत फल प्राप्त गरे ।

कपिलवस्तुको महावनमा तथागत बुद्धले ५०० जना प्रतिसम्भिदा सहित अर्हत भिक्षुहरूलाई महासमय सूत्र देशना गर्नुभएको थाहा पाएर १० हजा चक्रवालबाट देवब्रह्माहरू समागम हुन आए । मनुष्यसहित देवब्रह्माहरूले यथासक्य छिट्टै

( क्रमशः पेज ११ मा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# सुख र दुःखका कारण

**यानि करोति पुरिसो तानि पस्सति अत्तानि**
**कल्याणकारी कल्याणं पापकारि च पापकं**
**यादिसं वपते बीजं तादिंसं हरते फलं**

अर्थात् राम्रो वा नराम्रो नियतले गरेको काम र कुराको नतीजा जसले गर्छ उसलाई नै भोगाउने प्रकृतीको नियम छ । त्यसैले जस्तो बीऊ रोपिन्छ, त्यस्तै फल प्राप्छ हुन्छ, असल गर तिमीलाई अहिले र पछि असल नै हुन्छ, खराब गर तिमीलाई अहिले र पछि खराब नै हुन्छ ।

धम्मपदमा उल्लेखित बुद्ध वचनले भनिरहेको छ – मन सबै अवस्थामा प्रमुख बनिरहन्छ । राम्रो नियतले कुरा गर काम गर भाग्य रूपी सुखले तिम्रो छाँया बन्दै साथ दिनेछ । तर नराम्रो नियतले गरेको काम कुराको फलले गाडा तान्दा आउने गऱ्हौं पांग्रा जस्तै दुर्भाग्य रूपी दुःख पछ्याउँदै आउँछ ।

भगवान् बुद्धले बताउनु भएको यी प्राकृतिक नियमहरूलाई अध्ययन गर्दै जाँदा दुःखका कारण पत्ता लगाउन सजिलो छ । बुद्ध शिक्षाले भनिरहेको छ –

यो संसार कारण र त्यसको परिणामको आधारमा चलिरहेको छ । आफ्नो चेतनाको हिसाबले फल प्राप्त भइराखेको सत्य नियमलाई विश्वास गर्न सक्ने व्यक्तिले आफ्नो जीवनमा प्राप्त भइरहेका सुख र दुःखको कारण आफै रहेछ भनेर बुझ्न सक्छ । यस्तो व्यक्तिले आफ्नो तर्फबाट अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुग्ने तरिकाले काम र कुरा गर्ने बानी बसाल्छ । यस्तो व्यक्ति इमान्दार र भलाद्मी स्वभावको हुन्छ । विश्वास योग्य पात्र बन्छ । बेइमान कदापि हुँदैन । यस्तो इमान्दार व्यक्तिहरूको बाहुल्यता भएको परिवार, समाज र देशमा अनावश्यक झैझगडा र अशान्ति हटेर जाने गर्छ ।

तर आजभोली परिवार, समाज र देशमा अतिवादी हुने र स्वार्थी भावनाले जरो गाडेको कारणले पनि असन्तुष्टता, झैझगडा र अशान्तिले ठाउँ लिएको देखिन्छ । विलासी जीवन बिताउन र सुविधामुखी जीवनको आशा र चाहनाको पछि लाग्दै उक्त चाहना परिपूर्तिका लागि शक्ति प्रयोग गर्ने क्षमता भएकै व्यक्तिहरूबाट भ्रष्टाचार, हत्या, चोरी र डकैटी जस्ता काण्डै-काण्ड श्रृजना गरी अपराधिक कार्यहरू भइरहेका हुन्छन् । यस्ता छलकपट र जालसाजीपूर्ण कुकर्महरूले देशमा अशान्तिपूर्ण भय र आतङ्कले ठाउँ लिन पुग्छ । यस्ता विकृतीहरू हटाउन, निमित्यान्न पार्न देशलाई ठीक मार्गमा लान यो अतिमार्गलाई निर्मूल पार्नु सरकारको प्रथम कर्त्तव्य हुनेछ । यस अतिमार्ग निर्मूल पार्न सकेमा मात्र मध्यम मार्गले स्थान लिनेछ ।

देशमा आतङ्क र अशान्ति श्रृजना हुने अर्को कारण बाँच्नको लागि जनतालाई चाहिने अत्यावश्यक आधारभूत आवश्यकता परिपूर्ति हुन नसक्नु हो । भोकाएको व्यक्तिले यस समस्या सहेर बस्न कठिन हुन्छ । फलस्वरूप बाध्य भएरै अपराधिक कार्यहरू हुन पुगिरहेको देखिन्छ । त्यसकारण भगवान् बुद्धले दीघ निकाय कूटदन्त सूत्रमा यसरी उल्लेख गर्नुभएको छ –

देशमा गरीबीको कारणले अपराधिक कार्यहरू, अशान्ति र उपद्रवहरू भइरहेका छन् भने उक्त समस्या हटाउनका लागि सर्वप्रथम जनताले चाहेका अत्यावश्यक आधारभूत आवश्यकताहरू परिपूर्ति गराउने अभियान चलाउन जरूरी हुन्छ । गरीबीको समस्या हटाउने प्रमुख उपाय नै उचित रोजगारको व्यवस्था (भत्ता सहितको तलबको व्यवस्था), ब्यापार व्यवसाय चलाउने व्यापारीका लागि उचित लगानी र पूँजीको व्यवस्था, कृषी व्यवसायमा लाग्ने कृषकको लागि जमीन, कृषी औजारहरू, बीऊ बीजन र सिंचाईको उचित ब्यवस्था आदि मिलाउनु सरकारको प्रमुख कर्त्तव्य हुन आउँछ ।

यस कार्यले देशको आर्थिक स्थिति उकास्न सहयोग पुग्नेछ । जनताको जीवनस्तर माथि उठ्न टेवा मिल्नेछ । यो दोस्रो अति मार्गलाई हटाउने उपाय हो ।

भगवान् बुद्धले दिनुभएको सल्लाह अनुसार दुई अति मार्गहरूलाई हटाई मध्यम मार्ग अपनाउँदै बुद्ध जन्मभूमी नेपालका जनताले आ-आफ्नो जीवन ठीक तरिकाले उकास्ने भाग्य प्राप्त गर्न सकुन् । फलस्वरूप बुद्ध जन्मभूमी नेपाल भन्ने कथन पनि साकार हुन सकोस् । धर्मकीर्तिको यही कामना रहेको छ ।

भवतु सब्ब मंगलम् ।



# भय र भयका कारणहरू

✍ **प्रदिप शाक्य 'घोषक'**
नयाँ बानेश्वर-३१, काठमाडौं

'भय' भन्ने पालि शब्दको नेपाली पर्यायवाची शब्दहरू हुन - डर अथवा त्रास। मानव जीवनमा प्रायजसो सबैले नै अनुभूति गरेको हुनुपर्छ - डर र त्रासको। यसलाई मनोवैज्ञानिक तवरले केलाई हेर्ने हो भनें हरेक व्यक्तिमा उसको शारीरिक विकास संगसंगै संवेगात्मक विकास पनि भइरहेको हुन्छ। शारीरिक विकासलाई प्रत्यक्षरूपमा बाहिरबाटै देख्न सकिन्छ। तर संवेगात्मक विकासलाई देख्न सकिन्न। उदाहरणको लागि कुनै एक व्यक्ति शिशुको रूपमा जन्मन्छ र क्रमशः समयसंगै उसका विभिन्न अङ्ग प्रत्यङ्गहरूको बृद्धि हुँदै आकार प्रकारमा परिवर्तन देखापर्दछ। फलस्वरूप उचाई, तौलमा अभिवृद्धि हुन्छ। यसरी व्यक्तिको शारीरिक विकास संगसंगै मानसिक विकास पनि भइरहेको हुन्छ।

यही मानसिक विकासलाई नै यहाँ संवेगात्मक विकासको रूपमा लिईन्छ। संवेग दुई प्रकारका हुन्छन् – (१) रमाइलो संवेग र (२) नरमाईलो संवेग। व्यक्तिले जुन क्रियाकलाप गर्दा आफ्नो मन प्रफुल्लित भई खुशी र सुखको अनुभव गर्दछ। यसलाई रमाइलो संवेग भनिन्छ। त्यस्तै कुनै क्रियाकलापबाट मन खिन्न, अप्रसन्न भई चिन्तित र दुःखित बनाउँछ भने त्यसलाई नरमाइलो संवेग भनिन्छ।

यहाँ चर्चा गर्न लागिएको विषयवस्तु भय अथवा डर, त्रास उत्पन्न हुंदा पनि व्यक्तिको मन अत्यन्तै अप्रसन्न र दुःखित हुन्छ। त्यसैले यसलाई पनि नरमाइलो संवेगको संज्ञा दिन सकिन्छ।

मानव जीवनमा संधैभरी खुशी नै खुशी अथवा सुख नै सुख हुन्छ भन्ने पनि हुन्न। कुनैबेला सुख हुन्छ त कुनै बेला दुःख पनि हुन्छ। उदाहरणको लागि आफ्ना आँखाले देखेका राम्रा-राम्रा कुराहरू गुमाउनु पर्दा, नराम्रो र हेर्न नचाहेका विषय वस्तुहरू, दृश्यहरू हेर्नु पर्दा, देख्नु पर्दा दुःख हुन्छ। यथार्थमा भन्नुपर्दा पञ्चकाम इन्द्रियहरूको वशमा परेर हामीले जुन-जुन कुरालाई सुख आनन्द मानि आइरहेका हुन्छौं, त्यसको ठीक विपरित क्रियाकलाप भोग्नु पर्‍यो कि यसबाट दुःख निम्तिने हुन्छ। वास्तवमा यी रमाइला नरमाइला दुबै संवेगहरू हाम्रो मन भित्र नै उब्जिने कुरा हुन्। नरमाइलो संवेग अन्तर्गत पर्ने 'भय' अथवा 'डर' पनि यसरी नै मनभित्र उब्जिने र मनबाटै अनुभूति गरिने कुरा हो। तर डर उत्पन्न हुनको लागि पनि खास खास परिस्थितिहरू सिर्जना हुनु जरुरी हुन्छ। कुनैबेला आफ्नो अनुकूल वातावरण नहुँदा पनि डर उत्पन्न भैरहेको हुन्छ भने कुनै-कुनै बेला आफैंले पनि स-साना नानीहरूको बानी ब्यहोरा सुधार्नको लागि डर देखाएर उनीहरूको मानसिकतामा भय उत्पन्न गराईरहेका हुन्छौं। शायद तपाईं हामी सबैले बालावस्थामा अनुभव गरेकै कुरा हो कि कहिलेकाहिं हामीले बाबु-आमाले चाहेजस्तो क्रियाकलाप नगर्दा जस्तै समयमा खाना नखाईदिंदा, सुत्ने बेलाम सुत्न नमान्दा, भनेको नमानि जिद्दि गरिरहँदा आदि विभिन्न अवस्थामा हामीलाई कुनै मूर्त वा अमूर्त वस्तु जस्तै प्रहरी, ढाडे विरालो, बाघ, भालु आदिको अनुकरणात्मक स्वरद्वारा हाउगुजी देखाएर डर उत्पन्न गराइरहेको अवस्थालाई लिन सकिन्छ।

यसरी विभिन्न अवस्थामा विभिन्न प्रकारले वातावरण सिर्जना गरेर पनि मनमा कृत्तिम डर उत्पन्न गराईरहेको हुन्छौं। यसरी हेर्दा भय अर्थात् डर भनेको मानव जीवनमा आइपरेका विविध समयको परिस्थितिजन्य मानसिक उपज हो भन्नुमा अत्युक्ति नहोला।

अझ गहिरिएर अध्ययन गर्ने हो भने आध्यात्मिक रूपमा विचार गर्दा पनि मानिसमा एक किसिमको डर, त्रास सिर्जना भईरहेको हुन्छ। जो मानिस आध्यात्मिक भई धार्मिक आचारयुक्त क्रियाकलाप गरिरहेका हुन्छन्, उनीहरूमा पनि एक किसिमले पाप र पुण्यरूपी डर, त्रासको बिजारोपण भएको हुन्छ। भनिन्छ पुण्य गरे मरणपछि स्वर्ग गईन्छ भने पाप गरे नरकमा। यसले गर्दा मानिस पाप देखि विरत भएर डरबाट टाढा रहनको

लागि सँधै कुशल कर्महरू सम्पादन गरी अघि बढ्न प्रेरित र प्रयासरत हुन्छन् । यसरी उद्दत रहँदा रहँदै पनि कहिलेकाहिं उक्त भयरूपी भयभैरवले पछ्याईरहेकै हुन्छ । यसरी भय उत्पन्न गराउन जीवनका विविध पक्षहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जुन बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ –

(क) राजनैतिक पक्ष : कोही व्यक्तिहरू राजनीतिक कर्म गरेर अगाडि बढिरहेका हुन्छन् । उनीहरूलाई आफ्नो राजनीतिक यात्रामा कतै ठेस त लाग्ने हैन भनी निर्वाचनताका भय उत्पन्न हुने गर्दछ ।

(ख) सामाजिक पक्ष : हरेक व्यक्ति आफ्नो समाजमा केही प्रशंसनीय क्रियाकलाप गरेर प्रतिष्ठा हासिल गरेर बस्न चाहेका हुन्छन् । यद्यपि सबैले प्रतिष्ठित हुन सकिरहेको पनि हुँदैन । यसै क्रममा प्रतिष्ठित भइसकेका व्यक्तिहरूको मान, सम्मान, इज्जत प्रतिष्ठा गुम्न जान्छ कि भनेर डराइरहेको हुन्छ ।

(ग) आर्थिक पक्ष : समाजमा आर्थिक रूपले सवल र दुर्बल दुवै प्रकारका व्यक्तिहरू हुन्छन् । जो निर्धन, दरिद्र एवं गरीव हुन्छ उसको लागि प्रत्येक दिन के खाउँ, के लाउँ, कसो गरुँ भनेर जीवन व्यतित गर्नकै लागि भयभित भएर गुजारा गरिरहनुपरेको हुन्छ । अर्कोतिर जो धनी तथा सम्पन्न छ, उसको लागि उक्त सम्पत्ति राम्ररी भोग गर्न पाईएला या नपाईएला भन्ने चिन्ताले भयभित तुल्याएको हुन्छ ।

(घ) मानसिक पक्ष : हरेक व्यक्ति आ-आफ्नो क्षमता दक्षता अनुसार कर्म गरेर कुनै न कुनै व्यवसायमा अवलम्बन गरी जीविकोपार्जन गरिरहेका हुन्छन् । जस्तैः शिक्षक, प्राध्यापक, चिकित्सक, इन्जिनियर, व्यापारी, विद्यार्थी, किसानी आदि । यिनीहरूमा पनि आफ्नो व्यवशायमा उन्नति प्रगति गर्न सक्ला कि नसक्ला भनी मानसिक रूपमा चिन्ता र डर उत्पन्न भईरहेको हुन्छ ।

(ङ) बौद्धिक पक्ष : जो व्यक्ति अध्ययनशील छ, आफ्नो अध्ययन कार्यमा दत्तचित्त भई लागिरहेको हुन्छ, तथापि उक्त अध्ययन कार्यमा सफलता हासिल होला कि नहोला भनी डर अथवा भय उत्पन्न भइरहेको हुन्छ ।

उपरोक्त उल्लिखित पक्षहरू बाहेक पनि व्यक्तिलाई भय उत्पन्न गराउने भय विविध कारणहरू हुन् । ती हुन् – राज भय, चोर भय, अग्नि भय र जल भय ।

राज भय : यस अन्तर्गत राज्यबाट नागरिकहरूलाई उत्पन्न हुनसक्ने डर त्रासलाई लिईन्छ । जस्तैः द्वन्दको बेला नागरिकहरूमा एक किसिमको डर उत्पन्न हुनुलाई राजभय भनिन्छ ।

चोर भय : मानिसहरूलाई जतिसुकै बलियो घर वा महल वा दरवारमा रहे बसेता पनि कुनै न कुनै बेला आफ्नो भौतिक सम्पत्ति गुमाउनुपर्ला कि अर्थात् चोरी डकैती पो होला कि भनेर डर, त्रास उत्पन्न भइरहेको हुन्छ । जसको कारण आफ्नो सम्पत्ति सुरक्षित गर्नको लागि चारैतिर अग्ला-अग्ला पर्खालद्वारा घेरिएको हुन्छ । यसको साथै काँढेदार तार-बार समेत लगाइएको हुन्छ । त्यस्तै ठूलठूला व्यापारीक महलहरूमा ठूलठूला ढोकाको प्रयोग गर्नुको साथै उक्त ढोकाहरूमा अत्याधुनिक ताला साँचोहरूको समेत प्रयोग गरी आधुनिक सुरक्षा प्रणालीको लागि सिसि क्यामेरा समेत प्रयोग गरिराखेको हुन्छ ।

अग्नि भय : त्यस्तै हरेक व्यक्ति आगोद्वारा हुनसक्ने भय आतंकबाट पनि अलग रहन चाहन्छ । जसको लागि ठूला-ठूला महलहरूमा अग्नि रक्षकको रूपमा अग्नि नियन्त्रक उपकरणहरू, जडान गरिएको पाईन्छ । सुख्खा याममा हुने खडेरीको कारण प्राकृतिक रूपमा डढेलो लागेर पनि विनाश हुने गरेका उदाहरणहरू थुप्रै हुन् । विद्युतीय उपकरणको प्रयोकबाट पनि उत्पन्न हुनसक्ने भयको कारण सावधानीपूर्वक काम गरिएका हुन्छन् ।

जल भय : मानिसहरू पानीको कारण हुनसक्ने विनाशकबाट पनि अत्यन्तै भयभित भइरहेका हुन्छन् । जस्तैः अति वर्षाको कारण बाढी, पहिरो आदिबाट उत्पन्न हुने भय, त्रासलाई लिन सकिन्छ । नदी, खोला किनार तथा समुद्र तटमा बसोबास गर्ने मानिसहरूले जहिले पनि यस किसिमको भयबाट पिडित भएर जीवन यापन गरिरहनु परको हुन्छ ।

यसरी नियालेर हेर्दा मानब जगत एक किसिमले भयभित र त्रसित वातावरणमा नै पुर्नजीवित भइरहेको आभास हुन्छ । यद्यपि शाक्यमुनि तथागत गौतम बुद्धले आजभन्दा करीब २६०० वर्ष अघि बुद्धत्त्व लाभ गर्नु भएपछि धर्मचक्र प्रवर्तन गर्ने सिलसिलामा मानवमा उत्पन्न हुने यस्ता भयरूपी भयभैरवलाई के कसरी उत्पन्न हुन्छन् र यसका कारणहरूबारे उहाँबाट 'भयभैरव' सूत्रमा स्पष्ट रूपमा देशना गर्नु भएको कुरा निम्नानुसार उल्लेख गरिन्छ –

१) अपरिशुद्ध र दोषपूर्ण कायकर्मको कारण
२) अपरिशुद्ध र दोषपूर्ण वचि कर्मको कारण

३) अपरिशुद्ध र दोषपूर्ण आजिविकाको कारण
४) अपरिशुद्ध र सदोष मानसिक कर्म
५) आफ्नै अभिध्या (गहिरो लोभ) तथा पञ्चकाम विषयमा तीव्र रागको कारण
६) आफ्नै कापन्न (विभ्रान्त तथा क्लेश अनुरूप गएको) चित्त तथा प्रदुष्ट चित्त सङ्कल्पको कारण
७) आफ्नै थीनमिद्ध (शारीरिक/मानसिक अल्छिपन) को कारण
८) आफ्नै अस्थिर र अशान्त चित्त भएको कारण
९) आफ्नै शङ्का र उपशङ्काको कारण
१०) आफ्नो मात्र प्रशंसा र अरूको निन्दाको कारण
११) आफ्नै डर र कातर स्वभाव भएको कारण
१२) आफ्नो मात्र लाभ, सत्कार र यश कीर्तिको कामना गर्ने कारण
१३) आफ्नै अल्छि र वीर्यहिनताको कारण
१४) आफ्नै विस्मृत र प्रज्ञाविहिनताको कारण
१५) आफ्नै व्यग्र र विभ्रान्त चित्तका कारण
१६) आफ्नै मन्द बुद्धि, दुष्प्रज्ञताको कारण

उपरोक्त उल्लिखित विवरणको आधारमा केलाएर हेर्ने हो भने भय अर्थात् डर, त्रास हुनुको एउटै कारण आफ्नै कर्म र त्यसको परिणाम स्वरूप चित्तमा उत्पन्न हुने मानसिक उपज भन्न सकिन्छ ।

नेपाली कथन अनुसार 'नबिराउनु नडराउनु' भनिएता पनि मानिसले आफ्नै चित्तलाई रागद्वेष, मोहरूपी, क्लेशमल रहित भएर व्यवहार गर्न सकेको खण्डमा मात्र निर्मल चित्तको स्वामी बन्न सक्छ । यसरी दोषरहित अर्थात् परिशुद्ध चित्तद्वारा सम्पादन गरिने क्रियाकलापबाट मात्र मानिस भयभित हुनबाट बञ्चित हुनुसक्छ । यदि कुनै पनि व्यक्तिबाट सम्पादित क्रियाकलाप सदोषपूर्ण, अपरिशुद्ध र क्लेशयुक्त छ भने उ जहिले पनि भयभैरवको शिकार बन्नुपर्ने हुन्छ । अतः मानिसले भयरहित भएर उन्मुक्त एवं स्वतन्त्ररूपमा जीवन व्यतित गर्ने हो भने बुद्धोपदेशित उक्त सूत्रलाई आत्मसात् गरी आफ्नो जीवनमा नित्य अभ्यासरत रहनु अपरिहार्य हुन्छ । यसरी परिशुद्ध चित्तबाट सम्पादित कार्यकुशलताको कारणबाट मात्र भयमुक्त जीवन व्यतित गर्न सकिन्छ । ■


## हार्दिक निमन्त्रणा

शरीर स्वस्थ र निरोगी राख्नको लागि हामीले विगत २१ वर्ष देखि
यस धर्मकीर्ति विहारमा योग, ध्यान र रेकी उपचार शिविर
सञ्चालन गर्दै आइरहेका छौं ।
सोही अनुसार यस वर्ष पनि गत वर्षहरूमा जस्तै
भिक्षुणी श्रद्धेय डा. धम्मवती गुरुमांको ९२ औं जन्मोत्सवको पुनित उपलक्ष्यमा
५ दिने निःशुल्क योग, ध्यान र रेकी उपचारको एक घण्टे शिविर सञ्चालन गर्न लागेका छौं ।
यस शिविरमा सहभागी हुन इच्छुक भिक्षु, भिक्षुणी, गुरुमांहरू लगायत धर्मकीर्ति विहार
अन्तरगत रहेका विभिन्न निकायका पदाधिकारीज्यूहरु र
उपासक, उपासिकाहरुलाई पनि हार्दिक आमन्त्रण गरिरहेका छौं ।

कार्यक्रम :
मिति : २०८२ असार ६ गते देखि १० गते सम्म (५ दिन)
समय : विहान ६:३० देखि ७:३० सम्म
स्थान : सभा कक्ष, धर्मकीर्ति विहार
श्रीघः नघः, काठमाडौं

**लायन डा. गोपाल प्रधान**
लायन्स क्लब अफ काठमाडौं
टेम्पल मां हारती
लायन्स क्लब अफ काठमाडौं ह्याप्पी
लायन्स क्लब अफ काठमाडौं न्यू रेकी परिवार

# नेपालमा बुद्ध शिक्षा र धम्मवती गुरुमां



✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

नेपाल भगवान् बुद्ध जन्मनु भएको पवित्र स्थल हो। बुद्धकै कारण नेपाल विश्वमा प्रसिद्ध रहेको छ। अहिले पनि लुम्बिनीको अशोक स्तम्भमा (**हिद बुधे जाते सक्यमुनीति** अर्थात् – यहाँ शाक्यमुनि बुद्धको जन्म भएको हो।) भनेर ब्रह्मी लिपिमा कुदिएका अक्षरहरू पढ्न र देख्न सकिन्छ। शाक्यमुनि गौतम बुद्धको बाल्यकाल एवं युवावस्था लुम्बिनी, कपिलवस्तु र देवदहका विभिन्न ठाउँहरूमा व्यतीत भएको थियो। उक्त स्थलहरूमा अहिले वर्षेनी लाखौं स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गरेका छन्। यो क्षेत्र विश्व मानव समुदायकै लागि आकर्षणको केन्द्र बनेको छ। यस्तै ककुच्छन्द र कोणागमन सम्यकसम्बुद्धहरूको जन्मस्थल पनि नेपालकै गोतिहवा र निग्लीहवा हो। यसरी तीनैजना सम्यक् सम्बुद्धहरूको जन्म हाम्रै मुलुकमा भएको भए पनि बुद्धको शिक्षा एवं ज्ञानहरूबारे हामी नेपालीहरू कमै परिचित छौं। जुन हाम्रो लागि विडम्बनाको विषय हो।

शाक्यमुनि गौतम बुद्धले जीवनको यर्थाथ सत्य स्वभावलाई अवबोध गर्दै बहुजनको हित र सुखको लागि धर्म प्रचार-प्रसार गर्नुभयो। उहाँको शिक्षाले मानिसलाई असल, सभ्य एवं जिम्मेवार मानव बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। बुद्धकालीन समयमा अनगिन्ती ब्रह्मा, देव, मनुष्यहरू लाभान्वित भएका प्रमाणहरू हाम्रासामु सुरक्षित छन्। ब्राह्मण, क्षत्रिय, गोठालो, किसान, महिला, पुरुष, बालबालिकाहरूको ज्ञानको स्तर वृद्धि गर्दै दुःखबाट मुक्त हुन सफल भए। बुद्धको उक्त शिक्षा अहिलेको एक्काइसौं शताब्दीको वैज्ञानिक प्राविधिक युगमा पनि उत्तिकै सान्दर्भिक र जीवनोपयोगी सिद्ध भएको छ। बुद्धको शिक्षा गुरुपरम्परा अनुसार हस्तान्तरण हुँदै बुद्ध परिनिर्वाणपछि अहिलेसम्म रहनुमा उहाँका श्रावक-श्राविका संघको महत्वपूर्ण भूमिका रहेको छ।

बुद्धशासनको उन्नति र वृद्धि गर्नमा चार परिषद्हरू भिक्षु भिक्षुणी (त्यागी शासन भारवाहक) र उपासकउपासिका (गृहस्थ शासन भारवाहक) को भूमिका अतुलनीय देखिन्छ। नेपालमा थेरवाद बुद्ध शिक्षाको प्रचारप्रसारमा प्रथम संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरबाट शुरू भएको यात्रा अहिले पनि विभिन्न उतारचढावका बाबजुट निरन्तर अघि बढिरहेको छ। राणाकालदेखि अहिलेको गणतन्त्रको अवस्थासम्म पनि बुद्ध शिक्षाको प्रचारप्रसारमा अनेक प्रकारका विघ्नबाधाहरू र रोकावटमा कमि आएका छैनन्। बुद्ध शिक्षालाई बौद्ध सम्प्रदायसँग मिसाएर हेर्ने दृष्टिले गर्दा यसको आचरणद्वारा प्राप्त हुने लाभबाट वञ्चित हुनु पर्ने स्थिति रहेको छ।

यस्तै नेपालमा थेरवाद बुद्धशासन जीवन्त राख्नको लागि आफ्नो अमूल्य जीवन अर्पण गरिरहनु भएकी एक निडर, साहसी र वाकपटुकता हुनु भएकी व्यक्तित्व हुनुहुन्छ – **धम्मवती गुरुमां**। उहाँ आकाशमा दिनको सूर्यजस्तै जाज्वल्यमान् र अतुलनीय गुणले भरिपूर्ण हुनुहुन्छ। गुरुमांको नामलाई केलाउँदा पालि शब्द **धम्मवन्तु** बाट **धम्मवती** शब्द बनेका हो। जसको अर्थ हो, धर्म भएकी। यहाँ धर्मको अर्थ अनेक छन्, तीमध्ये पनि शील, समाधि र प्रज्ञा त्रिशिक्षा आचरण गरेको व्यक्तिलाई बुझ्नु उपयुक्त हुन्छ। यही कारणले गर्दा उहाँ आमन्त्रण गर्न, पाहुनालाई जस्तै आदरसत्कार गर्न, दान दिन एवं दुई हात जोडी वन्दना गर्न योग्य हुनुहुन्छ। नाम अनुसार काम गर्नु भएकी गुरुमां सबैका आदरणीय, पूजनीय र गौरवनीय हुनुहुन्छ।

नेपालमा थेरवाद बुद्ध शिक्षाको औपचारिक रूपमा शुभारम्भ अखिल नेपाल भिक्षु महासंघद्वारा वि.सं. २०२० सालमा नेपाल बौद्ध परियत्ति शिक्षा प्रारम्भ भएदेखि भएको थियो। त्यही सालमा धम्मवती गुरुमांले बुद्ध शासनमा झण्डा फहराउन सक्षम व्यक्तिको रूपमा म्यानमारबाट 'सासनधज धम्माचरिय' को उपाधि हासिल गरी स्वदेश आगमन गर्नुभयो। धर्मकीर्ति विहार स्थापना गर्नुअघि नै धम्मवती गुरुमांले धर्मप्रचार अभियान सुरू गर्नुभएको थियो। यस कार्यको लागि म्यानमारका मां गुणवती र नेपालका रत्न मञ्जरी गुरुमांहरू सहयात्रीको रूपमा हुनुहुन्थ्यो। धर्मकीर्ति विहारको स्थापनापछि प्रौढ महिलाहरूका लागि अक्षर आरम्भदेखि

बुद्धशिक्षा दिने प्रौढ कक्षा सुरु गर्नुभयो । धर्मकीर्ति प्रकाशन अन्तर्गत ज्ञानमूलक पुस्तकहरू प्रकाशन तथा स्वयं धम्मवती गुरुमांले अहिलेसम्म नेपाल भाषामा ४० वटा र नेपाली भाषामा ३ वटा पुस्तक लेख्नु भएको छ । यसरी नै नेपालमा सर्वप्रथम ध्यान भावना शिविरको सुरुवात धम्मवती गुरुमांको पहलमा म्यानमार गुरुहरू दो पञ्ञाचारी र दो सुखावती गुरुमांबाट बनेपास्थित ध्यानकुटि विहार तथा बलम्बुस्थित प्रणिधिपूर्ण महाविहारमा भएको थियो । उक्त शिविरमा उहाँ गुरुमांले बर्मिज भाषाबाट दिनुभएको उपदेशलाई धम्मवती गुरुमांले भाषा अनुवाद गर्नुभएको थियो । त्यस्तै म्यानमारबाट आउनु भएका कम्मट्ठानाचरिय श्रद्धेय सयादोहरूले दिनुभएको ध्यान भावना सम्बन्धी उपदेशलाई उहाँले नै भाषा अनुवादमा सहयोग गर्नुभएको थियो ।

त्यस्तै युवाहरूलाई लक्षित गरी 'धर्मकीर्ति अध्ययन गोष्ठी' स्थापनापश्चात् भिक्षु अश्वघोष महास्थविरसहितको सक्रियतामा गाउँ-गाउँमा बुद्धशिक्षा प्रचारको कार्यलाई अगाडि बढाउनुभयो । धर्मकीर्ति मासिक पत्रिकाको प्रकाशनसँगै बुद्धशिक्षा सम्बन्धी लेख, रचना र गतिविधि निरन्तर अघि बढिरहेको छ । समय-समयमा जातक, अभिधर्म र बुद्धवंश आदि देशनाद्वारा बुद्धका शिक्षाहरूलाई जनमानसको मन मस्तिष्कमा राख्न सफल हुनुभएको छ । यस्तै अभिधम्मको महत्वलाई दर्शाएर धम्मवती गुरुमांको जन्मदिनको अवसरमा 'अभिधम्म पालि पाठ' गर्न र गराउनका लागि धर्मकीर्ति विहार लगायत शाखा विहारहरूमा अक्षयकोषको स्थापना गर्नुभएको छ । त्यस्तै भिक्षुणी प्रजापति गौतमीको गुणस्मरण गरी नेपालमा हाल प्रव्रजित गुरुमांहरूको विहार-विहारमा भिक्षुणी प्रजापति गौतमीको मूर्ति स्थापना भइरहेको छ । यसरी नै 'धम्मवती धम्म प्रशिक्षण कार्यक्रम' अन्तर्गत प्रव्रजित गुरुमांहरूलाई धर्मदूतको रूपमा बुद्धशिक्षा प्रचारप्रसारको लागि सक्षम बनाउन विभिन्न कार्यक्रमहरू अगाडि बढिरहेको छ । उहाँकै नेतृत्वमा बुद्धशिक्षा प्रचारप्रसारमा नयाँ आयामहरू थपिँदै आइरहेका छन् ।

उहाँको जीवनीमा नै आधारित भई बर्मी भाषामा **'तमि छेत'**, नेपाल भाषामा **'यःम्ह म्ह्याय्'**, नेपालीमा **'स्नेही छोरी'**, अंग्रेजी भाषामा **'Beloved Daughter'** र थाई भाषामा **'बुतरी फू पेन हाङ दुवङ्गहरू'** गरी ५ वटा भाषामा उपन्यास प्रकाशित भईसकेका छन् । जसबाट गुरुमांले बुद्ध शिक्षाको अध्ययन सँगै धर्म प्रचारप्रसारको यात्रामा भोग्नु भएका दुःख, कष्ट, चुनौती र संघर्षका बारेमा बुझ्न सकिन्छ । यसप्रकार उहाँले बुद्धशिक्षा अध्ययनको लागि गर्नु भएको त्याग र अठोट सबै नव-प्रव्रजितहरूलाई प्रेरणाको स्रोत भई नै रहनेछ । गुरुमांको उपदेशमा धर्मको सारको रूपमा '**मति भिंसा गति भिं नी'** (**मन राम्रो भए गति राम्रो हुन्छ** ।) लाई सूत्रजस्तै जीवन जीउने कलाको रूपमा बुद्धशिक्षालाई प्रचारप्रसार गर्नुभएको छ । जुन सरल शब्द भित्र गम्भीर बौद्ध दर्शनको विषय समावेश भएको छ ।

यसरी नै गुरुमांले उपदेशका क्रममा व्यवहारिक जीवनका घटना र समस्याहरूलाई बुद्धशिक्षाको माध्यमद्वारा सरल र सुबोध्य भाषामा देशना गर्नु भएर विस्तारै अन्धविश्वास हटाई सम्यक् दृष्टि (ज्ञान) ल्याउन महत्वपूर्ण भूमिका निभाउनु भएको छ । त्यस्तै थेरवाद बौद्ध विहार निर्माणद्वारा भौतिक संरचना वृद्धि गरी बुद्धशिक्षालाई ठाउँ-ठाउँमा पुऱ्याउन दत्तचित्तत्त भई लागिरहनु भएको छ । महिला वर्गलाई बुद्धशासनमा प्रव्रजित गराई शासनिक उन्नति र वृद्धिको कार्यमा अगुवाई गरिरहनु भएको छ । उहाँ हाल उमेरको हिसाबले ९१ वर्षको वृद्धत्वमा प्रवेश गरेता पनि उहाँको दीर्घकालीन शासनको हीतको लागि नै अभिप्रेरित छ । यसरी नै विभिन्न संघसंस्थाहरूको कार्य सम्पादनमा अमूल्य सल्लाह र सुझाव दिएर बुद्धशिक्षाको प्रचारप्रसारमा गति दिने खुबी उहाँमा छ । यसरी उहाँलाई बुद्धशासनमा अद्वितीय योगदानको कदर गर्दै म्यानमार सरकारबाट अति उच्च 'अग्गमहागन्थवाचकपण्डित' उपाधि, नेपाल भाषा परिषद्द्वारा 'भाषा थुवाः' र स्वयम्भू ज्ञानमाला भजन खलःद्वारा 'ज्ञानमाला रत्नवत सिरपा' तथा सामूहिक अभिनन्दन गरिएको छ ।

बुद्धको शिक्षा केवल बौद्धहरूको मात्र नभई सम्पूर्ण प्राणीको हित र सुखको लागि हो भनी मनन गरी सबैले अभ्यास र आचरण गरेर अवबोध गर्न सकिने ज्ञान हो । उहाँ धम्मवती गुरुमांले बुद्धशिक्षाको अध्ययन र प्रचार-प्रसारमा ७५ औं प्रव्रजित जीवन पूर्ण गर्नुभएको छ । उहाँले नेपालमा बुद्धशिक्षा प्रचार-प्रसारमा दिनुभएको योगदानलाई शब्दमा व्याख्या गरेर सम्भव नै छैन । उहाँको बुद्ध शासनिक योगदानलाई बुद्ध जन्मभूमि नेपाल देशको सरकारले पनि उचित महत्वका साथ कदर गर्नु आवश्यक देखिन्छ । बुद्धशासनमा समर्पित उहाँको जीवनगाथा सबैले बुझेर मनन गरी अनुकरण गर्न योग्य छ । उहाँ सबै महिला वर्गहरूका लागि आदर्श पात्र हुनुहुन्छ । उहाँको शासनिक कार्यद्वारा बुद्धशिक्षा चिरस्थायी रहन सकोस् र अन्तमा धम्मवती गुरुमांको सुखी, निरोगी र दीर्घायूको कामना गर्दछु ।

**भवतु सब्ब मङ्गलं । चिरं तिट्ठतु बुद्धसासनं ।**

*(यो लेख 'सम्यक् सन्देश' पत्रिकामा प्रकाशित भइसकेको छ ।)*

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन गतिविधि

*२०८२ बैशाख २६ गते*
*स्थान- धम्ममोली विहार, समाखुशी*
*प्रस्तुती- सचिव, प्रेमलक्ष्मी तुलाधर,*
*धर्मकीर्ति ज्ञानमाला भजन*

यसदिन २५६९ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा सामाखुशी स्थित धम्ममोली विहारमा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको छ। विहार प्रमुख धम्मविजया गुरुमांको निमन्त्रणा स्वीकार गरी ज्ञानमाला भजन मार्फत धर्मप्रचार कार्य भएकोलाई सराहना गर्नुहुँदै श्रद्धेय गुरुमांले ज्ञानमाला समूहलाई रु. १०,०००/- नगद चन्दा स्वरूप प्रदान गर्नुभएको थियो। धर्मकीर्ति ज्ञानमाला भजन समूहले श्रद्धेय गुरुमां धम्मविजया प्रति आभार कृतज्ञता ज्ञापन गर्दै उहाँको आयु आरोग्यको कामना गर्दै साधुवाद व्यक्त गरियो। ❀

## २५६९ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बुद्धपूजा

*२०८२ बैशाख २७ गते, शनिवार*
*स्थान- अतलखु वही, काठमाडौं*

यसदिन २५६९ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा अतलखु वही काठमाडौंमा बुद्ध पूजा र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको छ। अतलखुवहीका मिसा पुचःबाट आयोजित यस कार्यक्रममा वीर्यवती गुरुमांबाट बुद्धपूजा परित्राण पाठ र धर्मदेशना गर्नुभएको थियो। धर्मदेशनाको क्रममा उहाँले बैशाख पूर्णिमाको दिन भगवान् बुद्धको जीवनमा घटेका ५ अमूल्य घटनाहरू विषयमा विश्लेषण गर्नुभई बैशाख पूर्णिमाको उपलक्ष्यमा भगवान् बुद्धले सिकाउनु भएको अमूल्य ज्ञानलाई आ-आफ्नो जीवनमा पालन गर्दै लान सकुन् भनी कामनाका साथ पुण्यानुमोदन गर्नुभएको थियो। ❀

**धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू**

क्र.सं. ९७५

**रमला बज्राचार्य**
वसन्तपुर, काठमाडौं
रु. २०००/-

**धर्मकीर्ति पत्रिकालाई चन्दा**

**दाता – विकाश शाक्य**
वटु, काठमाडौं।
**चन्दा रकम रु. ३,०००/-**

## अल्पकालिन दुर्लभ प्रव्रज्या सम्पन्न

*२०८२ साल बैशाख २५ - ३० गतेसम्म*
*स्थान- नगदेश, बुद्ध विहार, ठिमी*

बुद्ध सम्वत् २५६९ बैशाख पूर्णिमाको उपलक्ष्यमा नगदेश बौद्ध समूह ठिमीले नगदेश बुद्ध विहारमा ५ दिने कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा दुर्लभ प्रव्रज्या कार्यक्रममा सहभागी हुनुभई ५ दिन प्रव्रजित जीवन बिताउनु भएका उपासिकाहरूको नामावली यसरी प्रस्तुत गरिएको छ।

अल्पकालिन श्रामणेरी प्रव्रजित गुरुमांहरू

| क्र. | गृहस्थ नाम र ठेगाना | प्रव्रजित नाम |
|---|---|---|
| १ | सरस्वती डंगोल, लाजिम्पाट | दान पारमिता |
| २ | पद्मतारा शाक्य, ओम बहाल | शील पारमिता |
| ३ | कमलतारा तुलाधर, कलंकी | नैष्क्रम्य पारमिता |
| ४ | चन्द्रदेवी महर्जन, भिमसेन स्थान | प्रज्ञा पारमिता |
| ५ | समिता बज्राचार्य, ललितपुर | वीर्य पारमिता |
| ६ | गुणक्ष्मी बाडे, नगदेश ठिमी | क्षान्ति पारमिता |

अल्पकालिन ऋषिणी प्रव्रजित ऋषिणीहरू

| क्र. | गृहस्थ नाम र ठेगाना | प्रव्रजित नाम |
|---|---|---|
| १ | हरीमाया कोजु, नगदेश ठिमी | सत्य पारमी |
| २ | सूर्यमाया कोजु, नगदेश ठिमी | उपेक्षा पारमी |
| ३ | असलमाया प्रजापती, नगदेश ठिमी | अधिष्ठान पारमी |
| ४ | ईश्वरीमाया बाडे, नगदेश ठिमी | रमावती |
| ५ | हरीदेवी धजु, नगदेश ठिमी | प्रजापति गौतमी |
| ६ | गणेशमाया तको, नगदेश ठिमी | यशोधरादेवी |
| ७ | सिति नानी वैद्य, नगदेश ठिमी | क्षान्तिवती |
| ८ | पूर्णकेशरी हाँय्जु | सुरम्मावती |



*प्रमाणपत्रसहित अल्पकालिन प्रव्रजित सहभागी महानुभावहरू*

| | | |
|---|---|---|
| ९ | कान्छीमाया दुवाल | प्रीतिवती |
| १० | गणेश नानी धजु | उत्पलवर्णा |
| ११ | नानीमाया बासु श्रेष्ठ | मैत्रीपारमी |
| १२ | मनोहरा स्थापित | सुप्रभावती |
| १३ | प्रतिमा तुलाधर | नन्दावती |
| १४ | उज्ज्वला तुलाधर | श्रद्धावती |
| १५ | विजया तुलाधर | गुणावती |

उक्त कार्यक्रम श्रद्धेय गुरुमांहरू अनुपमा, केशावती, खेमावती र गौतमीको संयुक्त नेतृत्वमा सम्पन्न भएको बुझिएको छ ।

२५६९ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा नगदेश ज्ञानमाला भजन खलःको आयोजनामा बैशाख २२ गते देखि २९ गते सम्म ८ दिन टोलटोलमा साप्ताहिक भजन प्रस्तुत गरी ज्ञानमाला भजनको माध्यमबाट बुद्ध शिक्षा प्रचार कार्य पनि सञ्चालन गरियो । ❀

## दिनभर महापरित्राण पाठ सम्पन्न

*२०८२ बैशाख २५ गते, बिहिवार*

*स्थान- सिल्भर ओक बैंक्वेट, गैह्री धारा*

उपासिका भामा राजकर्णिकारको शुभ देब रथारोहणको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य एवं दीर्घायु कामना गरी उहाँका सुपुत्र - बुहारीहरू (अमर - नलिनी, कमल - रमिता, रबि - दर्शना); छोरी - ज्वाईं (अनुजा - संजीव) लगायत सपरिवारबाट पवित्र महापरित्राण पाठ कार्यक्रम आयोजना गरी दिनभर प्रव्रजित गुरुमांहरूबाट महापरित्राण पाठ, धर्मदेशना र पुण्यानुमोदन गरी कार्यक्रम सम्पन्न गरियो ।

श्रद्धेय धम्मवती गुरुमांको निर्देशनमा सञ्चालित उक्त कार्यक्रममा सर्वप्रथम बुद्ध प्रतिमा, महापरित्राण पाठ पुस्तक र श्रद्धेय गुरुमांहरूलाई मण्डप भित्र भित्र्याइसकेपछि धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई कार्यक्रम शुभारम्भ गरियो । सो पश्चात् बुद्धपूजा गरी धम्मवती गुरुमांले महापरित्राण र पञ्चशील विषयमा धर्मदेशना गर्नुभई महापरित्राण पाठ शुरू गरियो । महापरित्राण पाठको क्रममा धर्मचक्र प्रवर्त्तन शुत्र पाठ गर्नु अगाडि श्रद्धेय वीर्यवती गुरुमांबाट धर्मचक्र प्रवर्त्तन विषयमा संक्षिप्त धर्मदेशना गर्नुभयो ।

महापरित्राण पाठ कार्य तालिका :–

| क्र. | महापरित्राण पाठ | पाठ गर्नुहुने श्रद्धेय प्रव्रजित गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | श्रद्धेय धम्मवती गुरुमां सहित सबै गुरुमांहरू |
| २ | सरणागमण - मेत्तसुत्त | वण्णवती, सुवण्णवती |
| ३ | खन्ध सुत्त - धजग्ग सुत्त | अनुपमा, सुजाता |



महापरित्राण पाठ श्रवण गर्नुहुँदै दातापरिवार

| | | |
|---|---|---|
| ४ | गिरिमानन्द सुत्त - इसिगिलि सुत्त | कुसुम, प्रीतिवती |
| ५ | धम्मचक्कप्पवत्तन सुत्त | सुनन्दावती, वीर्यवती |
| ६ | महासमय सुत्त | सुमना, उपनन्दा |
| ७ | आलवक सुत्त - कसिभारद्वाज सुत्त | नन्दावती, विमलञाणी |
| ८ | पराभव सुत्त - वसल सुत्त | निर्मलञाणी, कुशलञाणी |
| ९ | सच्चविभङ्ग सुत्त | श्रद्धागौतमी, ञाणवती |
| १० | आटानाटिय सुत्त (क) | दानवती, मेत्तावती |
| ११ | आटानाटिय सुत्त (ख) | करुणावती, ध्यानवती, मुदिता, रूपशीला |
| १२ | सामूहिक पाठ | सबै गुरुमांहरू |

महापरित्राण पाठ कार्यक्रममा आमन्त्रित सम्पूर्ण श्रद्धेय गुरुमांहरूलाई आयोजक परिवारबाट जलपान र भोजन प्रायोजन गरी यथाशक्य दान प्रदान पनि गरी पुण्य सञ्चय गरियो । कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो । ❀

## नारायणहिटीमा बुद्धपूजा

*२०८२ बैशाख २९ गते, बैशाख पूर्णिमा*
*स्थान- नारायणहिटी, काठमाडौं*

यसदिन नारायणहिटी परिसरमा स्थापित बुद्ध प्रतिमा अगाडि बुद्धपूजा, परित्राण पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न भएको छ । २५६९ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा उपासिका प्रमिला मानन्धर सपरिवारको आयोजनामा सञ्चालित यस कार्यक्रममा श्रद्धेय वीर्यवती गुरुमां र शुभवती गुरुमांले बुद्धपूजा र परित्राण पाठ कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सो पश्चात् वीर्यवती गुरुमांले बैशाख पूर्णिमाकै दिन २६१४ वर्ष अगाडि सिद्धार्थ कुमारले बुद्धगयामा बोधिज्ञान प्राप्त गर्नुभई संसारको यथार्थ स्वभाव पत्ता लगाउनु भएको र यस सांसारिक बन्धनबाट मुक्त हुने अमूल्य ज्ञान प्राप्त गर्नुभएको विषयमा धर्मदेशना गर्नुभयो ।

स्मरणिय छ नारायण स्थान परिसरमा उपासिका प्रमिला मानन्धरबाट उहाँका दिवंगत श्रीमान्को पुण्य स्मृतिमा भगवान् बुद्धको प्रतिमा स्थापना गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा दातापरिवारको पितृजनहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो । ❀

## आवरण चित्र परिचय

क्लेश प्रहाण गर्न सकुन् र धम्म उपदेश प्रष्टसँग बुझ्न सकुन भन्ने धारणा सहितको करुणा चित्तले तथागतले प्रश्नोत्तरको रूपमा देशना गर्नको लागि अर्को एक निर्मित बुद्ध निर्माण गर्नुभएको थियो ।

त्यसपछि ती देवसमूहले हेर्दाहेर्दै निर्मित बुद्ध आउनु भएर शाक्यमुनी बुद्धलाई वन्दना नगरीकन नजिकै रहेको समान आसनमा बस्नुभयो । भगवान् बुद्धसँग भएको बत्तिस महापुरुष लक्षण सो निर्मित बुद्धसँग पनि थियो । भगवान् बुद्धको शरीरबाट ६ वर्ण रश्मी (तेज) निस्किरहेको थियो भने निर्मित बुद्धको शरीरबाट पनि ६ वर्ण तेज निस्किरहेको थियो । भगवान् बुद्धको शरीरबाट निस्किएको तेज निर्मित बुद्धको शरीरमा फैलियो भने निर्मित बुद्धको शरीरबाट निस्किएको तेज भगवान् बुद्धको शरीरमा फैलियो । यी दुबै बुद्धहरूको शरीरबाट निस्किएको तेज माथि फैलदै गई अकनिट्ठ भूवनसम्म पनि पुग्यो । त्यसपछि त्यहाँ रहेका देवताहरूको शरीरमा परेर चक्रवालको अगाडि प्रतिष्ठित भयो । सम्पूर्ण चक्रवाल नै सुवर्णमय वङ्गोपानसिवि (बाङ्गो छाना) जस्तै चेतियघर जाज्वयमान भयो । दश हजार चक्रवालमा रहेका देवताहरू एउटै चक्रवालमा जम्मा भए ।

१० हजार चक्रवालबाट आएका देवब्रह्माहरूलाई भगवान् बुद्धले महासमय सूत्रका साथै महासमय सूत्र भनेर नै

( क्रमश: पेज १४ मा हेर्नुहोला )

# २५६९ औं महापरिनिर्वाण दिवस

*२०८२ बैशाख २९ बैशाख पूर्णिमा*

*स्थान- नगदेश बुद्ध विहार, ठिमी*

*बुद्ध सम्वत् २५६९ अर्थात् २५६९ वर्ष अगाडि* भगवान् बुद्ध बैशाख पूर्णिमाको दिन महापरिनिर्वाण हुनुभएको दिनलाई स्मरण गरी, बैशाख पूर्णिमाको दिनमा नै सिद्धार्थ कुमार २६४९ वर्ष अगाडि लुम्बिनी बनमा जन्मनुभएको र २६१४ वर्ष अगाडि बैशाख पूर्णिमाको दिनमा नै सिद्धार्थ कुमारले बुद्धगयामा बोधिज्ञान लाभ गर्नुभई बुद्ध हुनुभएको त्रिसंयोग घटनालाई स्मरण गरी नगदेश बौद्ध समूहले नगदेश बुद्ध विहारको धम्महलमा श्रद्धेय केशावती गुरुमांको प्रमुख अतिथित्वमा बुद्धपूजा कार्यक्रम आयोजना गरिएको समाचार छ ।

उक्त कार्यक्रममा समूहका उपाध्यक्ष बाबुराम दुवालले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । समूहका अध्यक्ष एवं म.ठि.न.पा. वडा नं. ७ का वडा अध्यक्ष कृष्ण कुमार प्रजापतिले बैशाख पूर्णिमाको दिनमा भगवान् बुद्धको जीवनीसंग सम्वन्धित माथि उल्लेखित विभिन्न ३ वटा घटनाहरू बारे विश्लेषण गर्नुभयो । प्रमुख अतिथि श्रद्धेय केशावती गुरुमांले भगवान् बुद्धको जीवनी र बैशाख पूर्णिमाको महत्व विषयमा धर्मदेशना गर्नुभयो । यसको साथै समूहका कोषाध्यक्ष रत्नभक्त हाँय्जुले धन्यवाद व्यक्त गर्नुभएपछि कार्यक्रमका सभापति शिवभक्त मेजुले आफ्नो मन्तव्य प्रस्तुत गर्नुभई उक्त सभा विसर्जन गरी पुण्यानुमोदन गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ उपासक पञ्चबहादुर कोजु लगायत सपरिवारबाट जलपान र भोजन प्रायोजन गरी पुण्य सञ्चय गर्नुभएको थियो । सो पश्चात् भगवान् बुद्धको ढलौटको मूर्ति खटमा राखी बाजा-गाजाका साथ नगदेश ज्ञानमाला भजन खलः समेत गरी सयौं उपासकोपासिकाहरूले नगर परिक्रमा गरी कार्यक्रम सम्पन्न गरिएको समाचार छ । ❀

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म:*
*बि.सं. २०११ साल*
*सि पुन्हि (माघ पुन्हि)*

*दिवंगत:*
*ने.सं. ११४५ चिल्लागा १३*
*(२०८१/१२/१४)*

## दिवंगत उपासक देवनारां महर्जन

धर्मकीर्ति विहारय् बुद्धपूजा ज्याभ्वले ब्वतिकयादीपिं सकल उपासकोपासिकापिन्त चिया त्वंकेगु प्रवन्ध मिलेयानाः थम्हं फुथें गुहाली यानाच्वनादीम्ह, मिलनसारम्ह व मेहनतीम्ह उपासक देवनारां महर्जन दिवंगत जुयादिल । वय्कलं थःगु जीवनय् भिंगु चित्तं यानादीगु कर्मं मुंकूगु पुण्य शक्तिं परलोक जीवन सुगतिमय ज्वीमा । निर्वाणया हेतु नं चूलाय्मा धकाः कामना यासें पुण्यानुमोदन याना । थुगु दुखं कःगु इलय् वय्कःयाः छयेँजःपिसं बुद्ध शिक्षायात थ्वीकाः धैर्य धारण याय्फयमा धकाः नं कामना याना ।

भवतु सब्ब मंगलम् ।

**प्रेम लक्ष्मी नानी, न्यत पुचः**

# शाक्यधिता नेपालको बाऱ्हौं अन्तरक्रिया कार्यक्रम

*२०८२ जेठ ११ गते, आइतवार*

*स्थान- धम्महल, धर्मकीर्ति विहार ।*

यसदिन शाक्यधिता नेपालको बाऱ्हौं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शाक्यधिता नेपालले "एक्काईसौं शताब्दीमा नेपालका श्रद्धेय भिक्षुणी गुरुमांहरूको बुद्ध धर्ममा योगदान" विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको थियो ।

